**नगर उपप्रमुखज्यू,**

**नगर सभा सदस्यज्युहरू**

१. संघीय लोकतान्त्रिक गणतन्त्रको संस्थागत विकास, प्रदेशको स्वायतताता एवम् समृद्धि, महागढीमाई नगरपालिकाको सबलीकरणलाई आत्मसात गर्दै महागढीमाई नगरपालिकाको आर्थिक बर्ष २०८३/८४ को नीति तथा कार्यक्रम यस गरिमामय सभामा प्रस्तुत गर्न पाउँदा म अत्यन्त गौरवान्तित भएको छु । यस ऐतिहासिक घडीमा प्रजातन्त्र, संघीयता, सुशासन, लोकतन्त्र र सामाजिक न्यायका लागि भएको ऐतिहासिक जनआन्दोलन, मधेश आन्दोलन र जेन्जी आन्दोलनमा आफ्नो अमूल्य जीवन गुमाउनु हुने अमर शहिदहरूप्रति भावपूर्ण हार्दिक श्रद्धान्जली अर्पन गर्दछु ।साथै अधिकार प्राप्तिका लागि भएका आन्दोलनहरूमा घाईते भएका वीर योद्धाहरूको शीघ्र स्वास्थ्य लाभको कामना गर्दै सहिद तथा बेपत्ता पारिएका परिवारजनप्रति उच्च समान तथा सहानुभुति प्रकट गर्दछु ।

२. महागढीमाई नगरपालिकाको धार्मिक, सांस्कृतिक सम्पदा र सभ्यताको संरक्षण, सम्बर्द्धन र प्रबर्द्धन गर्दै आन्तरिक सुशासन र सवल प्रशासनको विकास गर्न तर्फ नीति तथा कार्यक्रम प्रस्तुत गरिएको छ। जनतासँग प्रत्यक्ष सम्बन्ध र सम्पर्क रहने वडा कार्यालयहरूको क्षमता विकास, श्रोत साधनमा वृद्धि र प्रणालीको विकास तथा बेरुजु न्युनिकरण गर्ने नीति अवलम्बन गरिनेछ। शिक्षा, स्वास्थ्य, रोजगारी, उद्यमशीलता, सामाजिक बिकास, युवा तथा खेलकुद, भौतिक पूर्बाधारको विकास, सार्वजनिक यातायात, खानेपानी तथा सरसफाई, विपद ब्यवस्थापन, न्याय निरुपण, मानव अधिकार, पर्यटन प्रबर्द्धन जस्ता बिषयगत क्षेत्रहरूका लागि बिशेष कार्यक्रम प्रस्ताव गरेको छु।

३. संघ र प्रदेशको नीति तथा कार्यक्रमलाई अवलम्बन गर्दै महागढीमाई नगरपालिकाको समुचित विकास हेतु नयाँ सोच र दृष्टिकोणलाई आर्थिक बर्ष २०८३/८४ को नीति तथा कार्यक्रममा मार्गदर्शक सिद्धान्तको रुपमा अवलम्बन गरिने छ ।

**आर्थिक विकास नीतिः-**

४. महागढीमाई नगरपालिकाको मुख्य आधार कृषि, साना उधोग र धार्मिक पर्यटनको दिगो विकास हो। समग्र आर्थिक विकासका लागि उत्पादन र उत्पादकत्वमा बृद्धि, रोजगारी सृजना, नव प्रवर्तन र लगानी मैत्री वातावरण तयार गरिने छ ।

५. **महागढीमाई नगरपालिकाको रहर : समृद्धि, सुशासन, धार्मिक पर्यटकीय** शहर भन्ने नाराका साथ नगरपालिका विकासका आधारहरू तयार गरी कार्यक्रम अघि बढाइने नीति लिइने छ ।

६. उत्पादन र उत्पादकत्वमा बृद्धि गर्दै कृषिमा आत्म निर्भर बनाउन नगरभरि खेति योग्य जग्गामा सिचाई सुविधा पुर्‍याउन विद्युतीकरण गर्ने कार्यलाई निरन्तरता दिँदै थप प्रभावकारी बनाउने नीति लिइने छ।

७. महागढीमाई नगरपालिकाको आवधिक विकास योजना, मध्यकालिन योजना तयार गरिने छ र गढिमाई विकासक्षेत्र गुरुयोजना अनुरुप श्री गढीमाई मन्दिर परिसर सौन्दर्यीकरण कार्यक्रम कार्यान्वयन गरिनेछ। नगरपालिकाले कार्यान्वयन गरेका योजना तथा कार्यक्रमलाई नतिजामुलक, पारदर्शी र उत्तरदायी बनाइने छ।

८. पर्यटन, कृषि विकासमा आधारित उद्यम र संस्थागत सुशासनलाई उच्च प्राथमिकता दिई योजना तथा कार्यक्रम संचालन गर्ने नीति लिइने छ।

**उपरोक्त कार्यका लागि आवश्यक बजेट विनियोजन गरिएको छ ।**

**शिक्षा सम्बन्धी नीतिः-**

९. शिक्षालाई सर्वसुलभ, गुणस्तरीय र जीवन उपयोगी बनाइने छ । बिद्यालयको शासकीय सुधारको दिर्घकालिन मार्गचित्र तयार गरी पुनसंरचान गरिने छ। विद्यालय सुधारका लागि संघ र प्रदेशबाट निर्माण गरिएको कानुनसँग नबाझिने गरी स्थानीय कानुन संसोधन गरिने छ ।

१०. विद्यालयको शैक्षिक सुधार, गुणस्तरीय शिक्षा प्रदान गर्न विद्यालय संचालन तथा व्यवस्थापन अनुदानलाई निरन्तरता दिने छ ।

११. सबै विद्यालयहरूमा कक्षा १ देखि कक्षा कक्षा ५ सम्म स्थानीय विषयको रुपमा नगरको धार्मिक, सांस्कृति, भौगोलिक एवम् पर्यटकीय पक्षहरूलाई समेटी हाम्रो महागढीमाई नामक स्थानीय पाठयक्रममा आधारीत पाठ्यपुस्तक निर्माणगरी अध्यापन गराइनेछ । कक्षा ६, ७ र ८ मा कम्प्युटर शिक्षा विषयको पठनपाठन गर्ने कार्यलाई निरन्तरता दिइनेछ।

१२. प्राविधिकधार तर्फको शिक्षालाई थप प्रभावकारी बनाउन computer Science र Civil Engineering को थप अध्यापन गराउन पहल गरिनेछ।

१३. सामुदायिक विद्यालयहरूको विद्यालय परिसर सुधार कार्यक्रम संचालन गरिनेछ | शौचालय निर्माण र मर्मत, निःशुल्क सेनेटरी प्याड वितरण र प्याड डिस्पोज व्यवस्थापन तथा शुद्ध पिउने पानीको व्यवस्था गरिनेछ |

१४. **सबैको लागि शिक्षा भन्ने नारालाई पिछडीएका दलित बर्ग सम्म पुर्याउन यस नगरपालिका भित्रका** दलित मध्ये डोम, चमार, दुषाद, मुसहर, हलखोर र भाट जातिका वालवलिकाहरूलाई नगरपालिका अन्तर्गतका सामुदायिक विद्यालय तथा क्याम्पसमा बालविकास देखी स्नातक तह सम्म निःशुल्क शिक्षाको व्यवस्था गरिने छ । कोटा निर्धारण गरी उक्त व्यवस्था कार्यान्वयन गर्न निजी विद्यालय तथा क्याम्पस समेतमा लागु गरिने छ।

१५. विद्यालयको तह र विद्यार्थी संख्याको आधारमा भौतिक पुर्वधार एव फर्निचरको व्यवस्थापन गरिने छ।

१६. महागढीमाई नगरपालिका स्थित नगर अस्पतालमा कम्तिमा दुई बर्ष सेवा गर्ने सम्झौताको आधारमा कार्यविधि बनाई निजीस्तरबाट MBBS अध्ययन गर्ने दुई जना विद्यार्थीलाई अध्ययन अवधि ४ बर्ष सम्म प्रति विद्यार्थी बार्षिक रु.५ (पाँच) लाखका दरले अनुदान उपलब्ध गराइने छ ।

१७. श्री गढीमाई बहुमुखी क्याम्पलाई व्यवस्थित गर्न क्याम्पसलाई दिदैआईरहेको अनुदानलाई निरन्तरता दिइनेछ ।निजी तथा गुठिमा आधारीत विद्यालयहरूको ग्रेडिङ्ग गरी शुल्क अध्यावधिक गरिनेछ ।

१८. आ.ब.२०८३/८४ मा यस नगरपालिकालाई साक्षर नगरपलिका घोषणा गर्न आवश्यक कार्यक्रम गरिने छ।

१९. नगरभरीका विषयगत शिक्षकहरूको रोष्टर निर्माण गरि शिक्षण सिकाई प्रति जवाफदेही बनाउने र सोका लागि आवश्य तालिमको व्यवस्थापन गरिनेछ।

**शिक्षा सम्बन्धी कार्यका लागि आवश्यक बजेट विनियोजन गरिएको छ ।**

**स्वास्थ्य सम्बन्धी नीतिः-**

२०. नागरिकहरूलाई गुणस्तरीय आधारभूत स्वास्थ्य सेवा प्रदान गर्न आ.ब.२०८३/८४ मा १५ शैयाको आधारभूत नगर अस्पताल संचालन्मा ल्याइने छ।

२१. नगरपालिकाबाट नगरबासीहरूलाई स्वास्थ्य उपचारमा सेवा पु-याउने हेतु नगरपालिकाका हाल दुईवटा एम्बुलेन्स निःशुल्क संचालन गरिएकोमा आ.ब.२०८३/८४ मा थप एक वटा एम्बुलेन्स खरिद गरि संचालनमा ल्याइने छ।

२२. नेपाल सरकारबाट तोकिएको औषधी खरिदका लागि प्राप्त अनुदान रकम बाट खरिद भएको औषधिबाट बर्ष भरी सेवा वितरण गर्न अपुगहुने भएकाले नगरपालिकाबाट थप औषधि खरिद गरिने छ।

२३. सबै वडामा गुणस्तरीय आधारभूत स्वास्थ्य सेवा तथा आवश्यक औषधि र प्रयोगशालाको सुनिश्चतता गरिनेछ।साथै गर्भवती प्रसुती आमा तथा पाँच बर्ष मुनीका बालबालिकाका लागि निःशुल्क स्वास्थ्य सेवा उपलब्ध गराईने छ ।

२४. उच्च रक्तचाप, मधुमेह, क्यान्सर र मृगौला रोगको पहिचानका लागि नियमित निःशुलक स्वास्थ्य परीक्षण शिविर संचलन गरिने छ ।साथै कुपोषण न्युनिकरण तथा विद्यालय स्वास्थ्य कार्यक्रमलाई प्राथमिकता दिइनेछ ।तथा मानसिक स्वास्थ्य सेवा पहुँच विस्तारगरी सामुदायस्तरमा परामर्श सेवा उपलब्ध गराईने छ।

२५. सुरक्षित खानेपानी सरसफाई तथा फोहोरमैलाको उचित व्यवस्थापन गरी सरुवा रोगको रोकथाम गरिने छ।धुम्रपान, मदिरा र लागु औषध नियन्त्रण गरी योग-व्ययाम र स्वस्थ्यकर खानपानलाई प्रोत्साहित गरिने छ।

२६. स्वास्थ्यकर्मीहरूलाई नियमित तलिम,प्रोत्साहन तथा स्वास्थ्य संस्थाको सेवा अभिबृद्धि गर्दै महिला स्वास्थ्य स्वयम्सेवीकाहरूलाई प्रोत्साहित गरी आमा समुह तथा समुदायको सहभागितामा स्वास्थ्य संचेतना कार्यक्रम संचालन गरिने छ।

२७. आँखामा लाग्ने विभिन्न किसिमका रोगको उपचार सम्बन्धी विशेषज्ञ सेवा उपलब्ध गराइने छ।

२८. यस नगरपालिका भित्रका दीर्घ तथा घातक रोगबाट ग्रसित विरामीहरूलाई नगरपालिकाबाट दिदै आईरहेको उपचार खर्च सहयोगलाई निरन्तरता दिइने छ।

२९. ज्येष्ठ नागरिक, एकल महिला, विपन्न बर्ग, असहाय, अपाङ्ग तथा दलित जातिमध्ये डोम, दुषाद, मुसहर, चमार, हलखोर, भाट आदि जात जातिको स्वास्थ्य परीक्षण अन्तरगत चेक जाँच, भिडियो एक्सरे, डाईलाइसिस एवम् आवश्यक औषधिहरू निःशुल्क रुपमा प्रदान गरिने छ।

३०. नगरपालिका भित्रका दलितहरू मध्ये डोम, दुषाद, मुसहर, चमार, हलखोर र भाट को स्वास्थ्य विमामा लाग्ने शुल्क ५० प्रतिशत रकम नगरपालिकाले बेहोर्ने छ

३१. स्वास्थ्य संस्थाहरूको गुणस्तर सुधार गर्न भौतिक पूर्वाधार, जनशक्ति व्यवस्थापन एवम् आवश्यक उपकरणको व्यवस्थापन गरिनेछ ।साथै आयुर्बेद उपचार पद्धतिलाई समेत थप प्रभावकारी बनाइने छ।

३२. बहुक्षेत्रीय पोषण कार्यक्रमलाई परिणाममुखी बनाई कुपोषणलाई न्युनीकरण गर्ने र पोषणमैत्री नगरपालिका घोष्णा गरिने छ ।

**स्वास्थ्य सम्बन्धी कार्यका लागि आवश्यक बजेट विनियोजन गरिएको छ ।**

**पर्यटन सम्बन्धी नीतिः-**

३३. विश्वप्रसिद्ध श्री गढीमाईको भब्य मन्दिर निर्माणको लागि आवश्यक डि.पि.आर निर्माणगरी आ.ब.२०८३/८४ मा टेणडर प्रक्रिया अगाडी बढाउन मधेश प्रदेश सरकारसँग समन्वय गरिनेछ।

३४. श्री गढीमाई मन्दिर परिसरमा अवस्थित पोखरीमा सूर्य मन्दिर निर्माणको टेण्डर स्वीकृत भई निर्माण प्रक्रिया अगाडि बढिसकेको र त्यसलाई आ.ब.२०८३/८४ मा पनि निरन्तरता दिदै पोखरी सौन्दर्यीकरण गर्न थप निर्माण कार्यहरू अगाडी बढाईने छ ।

३५. श्री महागढीमाई नगरपालिकामा आउने आगन्तुक तथा धार्मिक पर्यटकहरूको आकर्षण बढाउन श्री गढीमाई मन्दिर परिसरमा आ.ब.२०८३/८४ मा शिशमहल निर्माण प्रकृया अगाडि बढाइने छ ।

३६. श्री गढीमाई मन्दिर परिसरलाई धार्मिक, पर्यटकीय स्थलको रुपमा विकास गर्न पूर्वाधार निर्माणका लागि मन्दिर परिसर संग जोडीएका आवश्यक जग्गा अधिग्रहण गर्ने नीति लिइने छ र सोका लागि नेपाल सरकार र प्रदेश सरकारसँग समन्वय गरिने छ।

३७. श्री त्राहीअच्युत आश्रम बरियारपुरमा निर्माणाधिन श्री राधाकृष्ण मन्दिर आ.ब.२०८३/८४ मा सम्पन गर्न आवश्यक बजेट विनियोजन गरिएको छ। तथा अन्य धार्मिक संघसंस्थाको समरक्षण तथा सम्बर्द्धनको लागि आवश्यक पहल गरिने छ ।

३८. नगर क्षेत्रभित्र मनाईने जात्रापर्व, परम्परागत पूजा,मेला,अन्य सांस्कृति सम्पदा र यस क्षेत्रका मठ,मन्दिर तथा पुरातात्विक एवम् प्राकृतिक सम्पदाहरूको संरक्षण सम्बर्द्धन गर्ने नीति लिइने छ।

३९. प्राकृति सम्पदाहरूको संरक्षण गर्न उपभोक्ता समितिमार्फत संचालन हुने जनसहभागितामुलक कार्यक्रमलाई निरन्तरता दिइने छ ।

४०. निर्माणाधिन अवस्थामा रहेको नगर चिडियाखानाको निर्माणकार्य सम्पन्न गरी आ.ब.२०८३/८४ देखि प्रदर्शनको कार्य अगाडि बढाउन सम्बन्धित निकायसँग समन्वय गरिने छ ।चिडियाखाना संचालनको लागि बजेट विनियोजन गरिएको छ।

४१. यस नगर क्षेत्रका ऐतिहासिक,धार्मिक महत्वका स्थान जस्तै महागढीमाई न.पा.७ मा अवस्थित श्री काँटबासीमाई मन्दिर, बाबा महेश्वरनाथ मन्दिर र वडा नं.११मा अवस्थित भिनकबबा मठलाई स्तरोन्नति गर्न आवश्यक भौतिक संरचनाहरू निर्माण गर्न बजेट ब्यवस्था गरिएको छ।

**फोहोर व्यवस्थापन तथा प्रदुषण नियन्त्रण सम्बन्धी नीतिः-**

४२. फोहोर व्यवस्थापनमा अनेक सम्सया थपिदैआईरहेका छन्।यसका लागि वतावरणीय परीक्षण प्रतिवेदन बमोजिम डम्पिङ्ग साईट निर्माण गर्न जग्गा व्यवस्थापन गरिने छ ।

४३. कुहिने फोहोरबाट कम्पोष्टमल उत्पादन गर्ने व्यक्ति वा समुहलाई प्रोत्साहन गरिने छ।

४४. प्लाष्टिक झोलाको प्रयोगलाई निरुत्साहित गर्दै कपडा, जुट वा कागजको झोलाको विक्री वितरण र प्रयोगलाई प्रोत्साहन गर्न आवश्यक कार्यक्रम संचालन गरिने छ।

४५. जलबायु परिवर्तन र प्रदुषण नियन्त्रणका लागि नगरभरिका सडक किनारा र पर्ति तथा बाझो जग्गाहरूमा बृक्षारोपण गरिने छ । साथै सरकारी कार्यालय परिसर, विद्यालय परिसरमा बृक्षारोपण गर्ने कार्यलाई निरन्तरता दिनुका साथै नगरभित्र घरनक्सा पास गर्दा "एक घर दुई रुख" रोप्ने नीतिलाई निरन्तरता दिने छ ।

४६. नगरपालिकाभरिका सार्वजनिक जग्गाहरूको लगत राखिने छ ।सार्वजनिक जग्गाहरूको अतिक्रमण हटाउन आवश्यक नीति लिइएको छ।सोकार्यका लागि बजेट विनियोजन गरिने छ।

**कृषि तथा पशुपालन सम्बन्धी नीतिः-**

४७. किसानको उत्पादन र उतपादकत्व बृद्धि गर्न मकै,फलफुल, तरकारी, माछा, पशुपालन आदि पकेट क्षेत्र निर्धारण गर्ने तथा सोही बमोजिम खेति गर्न किसानलाई प्रोत्साहित गर्नुका साथै व्यवसायिक

रुपमा तरकारी तथा फलफूलको खेति गर्ने कृषक, कृषि उद्यमी, समुह वा सहकारीलाई प्रोत्साहन गर्ने व्यवस्था मिलाईने छ।

४८. रासायनिक मल र विषादि प्रयोगको न्युनीकरण सम्बन्धी जनचेतनामूलक कार्यक्रम संचालन गरिने छ। यसका लागि आवश्यक कार्यविधि समेत बनाइने छ।

४९. सिचाईको लागि किसानहरूले प्रयोग गर्ने विद्युतीय मिटरको महशुल नगरपालिकाबाट बेहोर्ने कार्यलाई आ.ब.२०८३/८४ मा निरन्तरता दिने छ ।

५०. कृषिको आधुनिकिकरण तथा व्यवसायीकरण, सामुहिक खेति, सामुहिक पशुपालन कार्यलाई प्राथमिकता दिई आवश्यकता अनुसार प्रोत्साहन गरिने छ।

५१. आ.ब.२०८३/८४ मा नगरपालिका भित्र मोरिङ्गा (सहजन) खेति गर्ने किसानहरूलाई प्रोतसाहित गरिने छ ।

५२. महागढीमाई नगरपालिका क्षेत्रभित्रका सिचाई परियोजनाहरूलाई मर्मत संभार गरी बर्षै भरी सिंचाई गर्न कुलो सरसफाई तथा कच्ची बाँध निर्माणलाई निरन्तरता दिइने छ ।

५३. नगरपालिकामा कृषियोग्य जग्गाहरूमा बर्षै भरी सिचाई सुविधा पुर्याउनको लागि कृषि बिधुतिकरण गरीने छ ।

५४. व्यवसायीक पशुपन्छी पालन गर्ने किसानलाई आवश्यक सुविधा उपलब्ध गराईने छ ।

५५. मासुजन्य पदर्थको उत्पादन तथा विक्री वितरण गर्नका लागि व्यवसयको मापदण्ड तयार गरी लागु गरिने छ ।

५६. पशुपन्छीहरूमा लाग्ने विभिन्न संक्रमणबाट बचाउनका लागि निःशुल्कमा खोप तथा उपचारको व्यवस्था मिलाईने छ । साथै छाडा पशुहरूलाई व्यवस्थित गर्न आवश्यक प्रबन्ध मिलाईने छ ।

**कृषि कार्य तर्फ आवश्यक बजेट विनियोजन गरिएको छ ।**

**संस्थागत विकास एवम सुशासन सम्बन्धी नीतिः-**

५७. महागढीमाई नगरपालिकाको संगठन संरचना,दरवन्दी र प्रशासनिक ईकाइहरूको कार्य विवरण तयार पारी संगठन तथा व्यवस्थापन सर्वेक्षण गरिनेछ।

५८. कर्मचारीबाट लक्ष्य हासिल गर्न नतिजामा आधारित कार्य सम्पादन एवं प्रोत्साहन प्रणाली अवलम्वन गरिनेछ। नगरपालिकाका प्रत्येक कर्मचारीको कार्य व्यवहारलाई पारदर्शी, जनमैत्री र सुशासनयुक्त बनाउन आवश्यक आचार संहिता बनाई कार्यान्वयन गरिनेछ ।

५९. नगरपालिकाको केन्द्र तथा वडा तहमा सार्वजनिक सुनुवाई गरी सेवाग्राहीबाट प्राप्त सुझाव तथा गुनासोको ब्यबस्थापन गरिनेछ । साथै स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन LISA (Local

Institutional Self Assesment) तथा स्थानीय तह वित्तीय सुशासन तथा जोखिम मूल्याङ्कन प्रणालीबमोजिम प्रभावकारी कार्य गरिने छ।

६०. संघीय मन्त्रालय, मलेपको कार्यालय, अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय आदिबाट प्राप्त सुझाव निर्देशन कार्यान्यवन गर्दै लगिने छ।

६१. यस नगरपालिका भित्रका दरबन्दिमा कार्यरत अस्थायी/करारका कर्मचारीहरूलाई योगदानमा आधारित सामाजिक सुरक्षाकोषमा आबद्ध गराइने छ।

६२. नगरपालिकाबाट प्रवाह गरिने सेवामा सबैको सहज पहुँच हुने गरी असक्त अपाङ्ग र विपन्न बर्गहरूलाई सामान्य कानुनी परामर्श, निबेदनको मस्यौदा, अनलाईन फारम भर्ने र फोटोकापी सेवाहरू निःशुल्क व्यवस्था मिलाईने छ ।

६३. सबै तहका सेवामा कार्यरत कर्मचारीहरूलाई कार्यसम्पादन मुल्याङ्कनको आधारमा सेवालाई निरन्तरता दिइने छ। श्रेणी विहिन बाहेकका पदमा पदपूर्तिका लागि आवश्यकताको आधारमा लोकसेवा आयोगमा मागगरी पठाईने छ।

६४. प्राप्त श्रोत साधनका आधारमा नगरपालिका र अन्तर्गतका कार्यालयमा कार्यरत कर्मचारीहरूको बढीमा २० प्रतिशत सम्म तलब पारिश्रमिक बृद्धि गरिने छ।

६५. वडा कार्यालयहरूबाट उठाईने राजश्व प्रतिशतको आधारमा सम्बन्धित वडामा  थप बजेटको व्यवस्था गरिने छ।

६६. संविधान तथा कानुन बमोजिम असुल उपर गर्ने राजश्व (कर तथ गैर कर) तथा पेश्की तथा बेरुजु फछ्र्यौट गर्ने कार्यलाई प्राथमिकताका साथ अगाडि बढाइने छ।पेश्की बेरुजु असुल उपर नभएमा सरकारी बाकी सरह असुल उपर गर्ने प्रक्रिया अवलम्बन गरिने छ। यस महागढीमाई नगरपालिकालाई बेरुजु शुन्य पालिका बनाइने छ।

६७. नगरपालिकाको भिलेज प्रोफाइल बनाइने छ।

६८. आन्तरिक राजश्वमा सुधार गर्न करको दर र दायरालाई परिमार्जन गरिएको छ ।

६९. व्यवसायीहरूलाई करको दायरामा लयाउन अनुगमन समिति गठन गरी परिचालन गर्ने।

**पूर्वाधार विकास तथा यातायात सम्बन्धी नीतिः-**

७०. आगामी आ.ब.मा नगरपालिका भरिका अधुरो योजनाहरूलाई प्राथमिकतामा राखी सम्पन्न गर्न आवश्यक रकम विनियोजन गरिने छ ।

७१. संघ तथा मधेश प्रदेश सरकारबाट प्राप्त शसर्त समानिकरण तथा विशेष योजनाहरू प्राथमिकताका साथ अगाडि बढाइने छ।

७२. वडा कार्यालय भवन नभएको वडामा भवन निर्माणकार्य गरिने छ।

७३. महागढीमाई वडा नं.१ र २ को ढल निकास कार्य सम्पन्न गरिने छ।

७४. नगरपालिका अन्तर्गतका गाउँटोलहरूको आवश्यक ठाउँहरूमा नाला, पुलपुलेसा, सडक मर्मत तथा नयाँ सडक निर्माण गरिने छ ।

७५. नगरपालिका स्थित सडकहरूलाई आवश्यकताको आधारमा स्तरोन्नती गरि बढीमा ६५ फिट सम्म चौडा गरिने छ ।

**पूर्वाधार विकासका लागि आवश्यक बजेट विनियोजन गरिएको छ ।**

**कानुन तथा न्याय सम्बन्धी नीतिः-**

७६. नीति योजना तथा कार्यक्रम कार्यान्वयन गर्न आवश्यक पर्ने ऐन, कार्यविधि र निर्देशिका तर्जुमा गरिने छ। साथै नगरपालिकाबाट निर्माण गरी कार्यान्वयन गरिएका कानुनहरूलाई आवश्यकता अनुसार संसोधन तथा परिमार्जन गरिने छ।

७७. सबै वडा कार्यालयका मेलमिलाप केन्द्रहरूलाई सक्रिय गरी कार्यान्वयनमा ल्याईने छ । वडास्तरबाट अधिकतम मुद्धा मामिला मेलमिलाप गर्ने प्रयास गरिने छ।

७८. कानुनी परामर्श सेवालाई आवश्यकताको आधारमा वडास्तरसम्म पुर्‍याइने छ।

**सामजिक विकास, सिप विकास तथा उधमशीलता र महिला तथा बालबालिका सम्बन्धी नीतिः-**

७९. ७० बर्ष नाघेका ज्येष्ठ नागरिक र अशक्तहरूलाई निःशुल्क स्वास्थ्य परीक्षण गर्ने व्यवस्था मिलाइने छ।

८०. सामाजिक समावेशिकरणको अवधारणा अनुरुप बालबालिको हितकोष स्थापना गरिने छ। साथै नगरपालिकालाई बालमैत्री घोष्णा गर्न आवश्यक क्रियाकलाप कार्यान्वयन गरिने छ।

८१. महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव, कुरीति, हिंसा अन्त्य गर्न महिला जागरण अभियान र सशक्तिकरणका कार्यक्रमहरू संचालन गरिने छ।

८२. महिला तथा बालबालिकाको अधिकार सम्बन्धमा संयुक्त राष्ट्रसंघ सुरक्षा परिषद प्रस्ताव १३२५ र १८२० लाई कार्यान्वयन गरिने छ ।

८३. लैङ्गिक हिंसाका पिडित महिला तथा बालबालिका उद्धार, सहायता ,पुनर्स्थापन र पुनः सामाजिकरण गर्ने कार्यक्रम लागु गरिने छ ।सोका लागि सामाजिक समावेशिकरण नीति लागु गरिने छ ।

८४. कुनै पनि सरकारी कार्यालय वा विद्यालयमा भवन वा शौचालय निर्माण गर्दा बालमैत्री र अपाङ्गमैत्री बनाउने नीति लिइएको छ ।

८५. आर्थिक रुपमा विपन्न र असहाय ब्यक्ति, असहाय एकल महिला , बालवालिका, दलित, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, यौनिक अल्पसङ्ख्यक तथा सामाजिक रुपले वञ्चितिकरणमा परेका समुदायको संरक्षण, उत्थान, सशक्तिकरण र विकासका लागि विशेष कार्यक्रम संचालन गर्ने

नीति लिइने छ। लैङ्गिक समानता र समता कायम गर्न जनचेतनामूलक तथा क्षमता विकास कार्यक्रमलाई समेत प्राथमिकतामा राखिने छ।

८६. दलित र अपाङ्गता भएका व्यक्तिहरूमध्ये स्नातक ( BA, BBA, BBS, BSc, BEd , LLB) पढन चाहनेहरूलाई नगर प्रमुख कार्यक्रम अन्तर्गत पूर्ण छात्रवृत्ति प्रदान गरिनेछ.

८७. नगरपालिका क्षेत्रमा अवस्थित उधोग तथा नयाँ उधमीलाई प्राविधिक सहयोग गरी उद्यमीलाई प्रोत्साहन गरिनेछ। साथै युवापुस्ताको नविन सोच र प्रविधिप्रतिको आकर्षणलाई बढावा दिइने छ।

८८. परम्परागत सिप तथा उधमको पर्वद्धन, व्यवसायीककरण एवम् बजारीकरणलाई प्रोतसाहन गर्ने नीति लिइने छ।

८९. वैदेशिक रोजगारबाट फर्केका व्यक्तिको सामाजिक विप्रेशन पहिचान गरी उद्यमशीला विकास परिचालन गरिने छ।

९०. उद्यमशिलता, गरिवी निवारण, गरिबसँग विशेश्वर तथा प्रधानमन्त्री रोजगार कार्यक्रमलाई निरन्तरता दिने छ।

९१. युवाहरूलाई स्वदेशमा उधम गर्न आर्थिक तथा प्राविधिक ज्ञानको कार्यक्रम संचालन गर्ने छ।

९२. सामुहिक खेति तथा पशुपालन कार्यक्रम संचालन गरी रोजगारी सृजना गर्ने छ।

**महिला, अपाङ्ग, दलित, सिमान्तकृत समुदायको हितमा समाजिक विकासका कार्यक्रहरू संचालनका लागि आवश्यक बजेट ब्यवस्था गरिएको छ ।**

**सहकारी सम्बन्धी नीतिः-**

९३. "समृद्धिको लागि सहकारी अभियान" लाई सफल पार्न साना तथा मझौला व्यवसायमा संलग्न व्यक्ति वा समुहलाई सहकारीमा आबद्ध गराई आत्म निर्भर बनाइने छ ।

९४. बचत तथा ऋण सहकारी संस्थाहरूको क्षमता विकास गरी सेवाप्रवाहमा थप प्रभावकारीता ल्याउन सहकारी संस्थाहरूको अनुगमन गरी मिल्दो प्रकृतिका सहकारीहरूलाई एकिकरण गर्न प्रोत्साहित गरिने छ ।

९५. सहकारी संघ संस्थामा भएको आर्थिक अनियमितता हिनामिना नियन्त्रण गर्ने प्रभावकारी प्रणाली विकास गरी कार्यान्वयन गरिने छ।

९६. नगरपालिका क्षेत्राधिकार भित्रका सहाकारी संघ संस्थाहरूलाई बढीमा सन्दर्भ व्याजदरको सीमाभित्र व्याजदर कायम गर्न तथा बचत तथा ऋणको औसत अन्तर (स्प्रेड दर) बढीमा ६ प्रतिशत हुने गरी बचतकर्ता, शेयर सदस्य एवम् संस्थागत हीत अभिवृद्धि हुने गरी सञ्चालन गर्न प्रोत्साहित गरिने छ।

९७. किसानहरूलाई आवश्यक पर्ने बीउ विजन तथा रासायनिक मल आपूर्तिका लागि आवश्यकता अनुसार सहकारी संस्थाहरूलाई परिचालन गरिने छ ।

**विपद व्यवस्थापन नीतिः-**

९८. विपद् जोखिम न्युनीकरण गर्न भौतिक पूर्वाधारहरूलाई विपद जोखिम प्रतिरोधी बनाइनेछ।

९९. बाढी, आगलागी, चट्याङ्ग, लु र शितलहरको प्रकोपबाट पीडित भएका असहाय व्यक्ति वा गरीब परिवारलाई सहयोग तथा राहत वितरणको लागि आर्थिक सहायता ऐन, २०८० लाई संसोधन गरिने छ।

१००. विपद् ब्यवस्थापनका लागि जनस्तरमा विपद सचेतना, उद्धारको अभ्यासको कार्यलाई निरन्तरता दिइनेछ। सबैखाले जोखिम न्यूनीकरण गर्न विशेष सचेतनाका कार्यक्रमहरू संचालन गरिनेछ।

**यस कार्यका लागि आवश्यक बजेट विनियोजन गरिएको छ ।**

**खेलकुद सम्बन्धी नीतिः-**

१०१. **"विकासको धरोहर युवा"** अभियान संचालन तथा परिचालनको नीति अवलम्बन गरिनेछ। यसका लागि वडास्तरीय खेलकुद प्रतियोगिता गराइने छ। नगरस्तरीय खेलाडी तयार गरी खेल अनुसारको प्रशिक्षकको व्यवस्था गरिने छ ।

१०२. **युवाको हात मेयरको साथ** भन्ने नारा सहित युवाहरूको सहयोगी समुह तयार गरिनेछ। यसको लागि प्रत्येक वडामा **युवासँग मेयर** कार्यक्रम संचालन गरिने छ।

१०३. मेयर कप शिल्ड प्रतियोगिता अन्तर्गत विभिन्न किसिमका खेलकुद प्रतियोगिता संचालन गरिनेछ। श्री बौधीमाई रंगशालालाई पालिकास्तरीय रंगशालामा स्तरोन्नती गरिनेछ। साथै नगरपालिकाको सबै वडामा खेलकुद मैदान निर्माण गर्ने नीति लिइने छ।

१०४. युवाहरूलाई कुलत तथा दुर्व्यसनबाट बचाउन लागु औषध नियन्त्रण सम्बन्धी आवश्यक नीति लागु गरिने छ ।

**शहरी विकास तथा भवन मापदणड सम्बन्धी नीतिः-**

१०५. महागढीमाई नगरपलिकाको भू- उपयोग योजना कार्यान्वयन गरिनेछ र भु-उपयोग वर्गीकरणलाई व्यवस्थापन गर्न बजेट विनियोजन गरिने छ ।

१०६. भवनको नक्सा पास प्रकृयालाई सरल, सहज र पारदर्शी बनाउनेछ। भवन निर्माण अनुगमन संयन्त्रलाई प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ।

१०७. श्री गढीमाई मन्दिर परिसरबाट ३०० मिटर भित्रका भवन संरचना हटाईने छ।

१०८. प्रचलित भवन निर्माण सम्बन्धी मापदण्ड अनुरुप निर्माण भएका तर नक्सा पास नगरिएका भवनहरूलाई एक बर्षभित्रमा नक्सा पास गरी नियमित गर्न आह्वान गरिनेछ | अब्यवस्थित

बासोबसलाई व्यवस्थित बनाउने नीति लिइने छ। र नगरपालिका भित्र निर्माण भई सकेका पुराना घरहरूलाई अभिलेखिकरण गर्न आवश्यक निती लिइने छ र दलित भुमिहिन सुकुमबासीलाई नियमानुसार जग्गा उपलब्ध गराउने नीति लिइने छ।

१०९. नक्सा पास नगराई नयाँ भवन निर्माण गरेमा वा सर्वजनिक जग्गा अतिक्रमण गरेमा वा कुनै संरचना निर्माण गरेमा जरिवाना गरि त्यस्ता संरचनालाई भत्काईने हटाईने छ।त्यसरी भत्काउदा हटाउदा लागेको खर्च सम्बन्धित व्यक्तिबाट असुलउपर गरिने छ।

११०. पूर्वाधार निर्माण तथा सेवा क्षेत्र व्यवस्थापनमा साझेदारी विस्तार गर्ने नीति लिइनेछ। यसका लागि महागढीमाई नगरपालिकाको परियोजना बैंक निर्माण गरिनेछ।

**खानेपानी सम्बन्धी नीतिः-**

१११. महागढीमाई नगरपालिकाका जनताहरूलाई स्वच्छ, सफा र आर्सेनिक रहित पिउने पानी व्यव्थापन गर्न खानेपानी परियोजनाहरूलाई सुचारु गरी प्रभावकारी लागु गरिने छ।

११२. खानेपानी नपुगेको क्षेत्रमा थप विस्ताका लागि संघीर प्रदेश सरकारसंग समन्वय र सहकार्य गरिने छ।

**सूचना प्रविधि सम्बन्धी नीतिः-**

११३. महागढीमाई नगरपालिकाबाट प्रबाह हुने सार्वजनिक सेवामा सूचना तथा संचार प्रविधिको उच्चतम उपयोग गरी विद्युतीय सुशासन प्रबर्द्धन गरिनेछ। सेवामा सर्बसाधारणको पहुँच वृद्धि गर्न कार्यालय परिसर र आवश्यक स्थानहरूमा फ्री वाईफाईको ब्यबस्था मिलाइनेछ।

११४. नगरपालिका क्षेत्र भित्रका मुख्य बजार तथा चोकहरूमा सिसिटिभी जडान भई नेपाल प्रहरीको निगरानीमा रहेको छ र आवश्यकता अनुसार थप सिसिटिभी जडान गरिने छ ।

११५. नगरपालिकाका सबै वडा कार्यालयहरूमा डिजिटल सूचना बोर्ड जडान गरिनेछ। नगरपालिका कार्यालयको कार्यलाई सूचना प्रविधिमा आधारीत बनाइनेछ। सेवा प्रवाह तथा विकास निर्माणमा पार्दर्शिता कायम गर्न सूचना प्रविधिमा आधारित कार्यप्रणालीको विकास गरिनेछ।

**नगर सभा सदस्यज्यू हरू**

११६. माथिका नीति तथा कार्यक्रम अनुमोदनका लागि नगर सभा समक्ष अनुरोध गर्दछु।

११७. नीति तथा कार्यक्रम पारित भएकोले अब म आ.ब.२०८३/८४ को अनुमानित आय व्ययको संक्षिप्त विवरण पेश गर्न गइरहेको छु ।

**आय तर्फः-**

संघीय सरकारबाट प्राप्त हुने समानिकरण अनुदान रकम रु. १४ करोड २६ लाख, संघीय शसर्त अनुदान चालु रु.२९ करोड ८६ लाख, संघीय शसर्त अनुदान पुँजिगत रु.२ करोड २७ लाख, संघीय विशेष अनुदान रु. १ करोड, संघीय समपुरक अनुदान रु.१ करोड ३ लाख, संघीय राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम रु.११ करोड ८७ लाख ८४ हजार, र मधेश प्रदेश सरकारबाट प्राप्त हुने समानिकरण अनुदान रु.१ करोड ४६ हजार, प्रदेश राजश्व बाँडफाँड रु.६२ लाख ४ हजार, प्रदेश विषेश अनुदान रु.३० लाख, प्रदेश समपुरक अनुदान रु.२० लाख, प्रदेश सरकार शसर्त अनुदान रकम रु.४० लाख र नगरपालिकाको आन्तरिक आय रु.१० करोड गरी जम्मा रकम रु.७२ करोड ८२ लाख ३४ हजारको आय अनुमान गरिएको छ ।

**अन्त्यमा,**

नगरपालिकाले अघि सारेको प्रस्तुत नीति तथा कार्यक्रम कार्यान्वयनमा सहयोग पुर्याउन नेपाल सरकार, प्रदेश सरकार, विकास साझेदारहरू, निजी क्षेत्र, अन्तर्राष्ट्रिय दातृ समुदाय, नगरपालिकाका कर्मचारी तथा सम्पूर्ण शिक्षा प्रेमी वुद्धिजीवी एवम् प्रवुद्ध वर्गमा हार्दिक अपिल गर्दछु।

धन्यबाद !